# अर्नमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
अर्नमा, सिरहा
Email– edu.arnama2073@gmail.com
प्रदेश नं. २, नेपाल


पत्र संख्या: २०७७/०७८
चलानी नं. ५५५

मिति: २०७७/०८/२५

विषय: कार्यक्रम सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु
अर्नमा गाउँपालिका, सिरहा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको वार्षिक अनुदान कार्यक्रम अनुसार सामुदायिक विद्यालयहरुमा सञ्चालन गरिने तपसिलका कार्यक्रम रहेकोले उक्त कार्यक्रम सञ्चालन गर्न इच्छुक सामुदायिक आ.वि.तथा माध्यमिक विद्यालयहरुले मिति २०७७ पुष ५ गतेभित्र शिक्षा युवा तथा खेलकुद शाखामा कार्यक्रम पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| क.सं. | कार्यक्रम | परिमाण | इर्काइ लागत | कैफियत |
|---|---|---|---|---|
| १. | WASH सुविधा भएको शौचालय निर्माण । | १ | रु.७,००,०००/- | रु.७,००,०००/- का दरले । |
| २. | विद्यालय भवन ४ कोठेनिर्माण (फर्निचर सहित) अनुदान । | १ | रु.३६,००,०००/- | प्रतिभवन ३६,००,०००/- प्रति कोठा ९ लाखका दरले । |
| ३. | गणित विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामाग्री Kits अनुदान । | २ | रु.१०००००/- | आ.वि.कक्षा (६-८) र मा. वि. विद्यालयहरु । |
| ४. | तोकिएको सूचकांकको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान । | ३ | रु.१,५०,०००/- | आ.वि.को लागि मात्र । |
| ५. | शिक्षण सिकाइमा ICT प्रयोग (कम्प्युटर, इन्टरनेट, कनेक्टिभिटी, इक्युपमेन्ट तथा KITS खरिद) का लागि अनुदान । | १ | रु.६,५०,०००/- | मा.वि.को लागि मात्र । |
| ६. | शिक्षकको शिक्षण सिकाइमा वीताउने समयावधि सुधार योजना कार्यान्वयनको लागि विद्यालयलाई अनुदान प्रति विद्यालय । | ५ | रु.१०,०००/- | उत्कृष्ट विद्यालयहरुलाई रु.२०००/- का दरले |

**प्रस्तावना पत्रसंग पेस गर्नु पर्ने कागजातहरु**

१) विद्यालय व्यवस्थापन समितिको निर्णय ।

२) विद्यालय सुधार योजना निर्माण, अध्यावधिक गरिएको विद्यालयको तथ्याङ्क IEMIS बुझाएको र भौतिक पूर्वाधार (कोठा तथा फर्निचर, विद्युत, शिक्षकको तत्परता आदि) ।

३) बुँदा नं. ४ को सम्बन्धमा शिक्षा विकास तथा मानवस्रोत विकास केन्द्रले प्रकाशित गरेको विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को अनुसूची वमोजिमको कार्यसम्पादन अनुदान मूल्याङ्कन फाराम भरी समावेश गर्नु पर्ने छ ।

४) आ.वि.२०७६/०७७ मा प्राप्त गरेको (ICT, विज्ञान प्रयोगशाला, ई-पुस्तकालय) आदि अनुदान कार्यान्वयन गरेको बिल, भरपाई सहितको कार्य सम्पन्न भएको प्रतिवेदन ।